आज मिति २०७७ साल बैशाख १९ गते दिउस २: १५ बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ~~मान बहादुर स्याङ्तान~~ लिपन थिङ | ३ नं. वडा अध्यक्ष(का.वा.) | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोका | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देवराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**निर्णय नं.१**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण संकट व्यवस्थापनकोलागी नेपाल सरकारबाट यही मिति २०७६/१२/११ देखि गरेको आव्हान बमोजिम यस गाउपालिकाका सबै वडामा भएको प्रथम चरणको राहत वितरण कार्यबारे वडागत प्रतिवेदनको आधारमा अर्को निर्णय नभए सम्मकालागी स्थगित गर्ने र आगामी दिनमा दैनिक ज्याला मजदुरी गरिखाने परिवारलाइ कामको आधारमा मात्र राहत उपलब्ध गराउन उपयुक्त हुने लगायत भए गरेका कामको बिभिन्न कोणबाट समिक्षा गरियो। साथै हालैको हावाहुरी र असिना पानिबाट पिडित भइ घरको छाना उडाएको लगायत कारण तत्काल घर/छाना मर्मत वा फेर्नु पर्ने परिवारकोलागि गाउपालिकाको हावा हुरी पिडितलाई जस्ता पाता सहयोग गर्ने सम्बन्धि कार्यविधिको प्रावधान बमोजिम सहयोग गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.२**

कोरोना भाइरस बाट उत्पन्न हुन सक्ने जोखिम न्युनिकरणकालागी नेपाल सरकारबाट थप हुदै आएको लक डाउन कार्यलाइ अझ कडाइकासाथ परिपालन गर्ने गराउने सम्बन्धमा आवस्यक निगरानी राख्ने,हालै बाहिरबाट आएका सर्वसाधारणको बारेमा जानकारी लिइ आवस्यकता बमोजिम आर.डि.टी.परिक्षण कार्यलाइ तिब्र रुपमा संचालन गर्ने तथा कुनै संकास्पद बिरामि देखिएमा क्वारेन्टाइनमा राख्न पठाउने कार्य गर्न स्वास्थ्य संस्था तथा वडाहरुलाइ थप सक्रिय बनाउने निर्णय गरियो ।

**निर्णय नं.३**

बागमती प्रदेश सरकारबाट आ.व.२०७७/०७८ मा कार्यान्वयन हुनेगरि बिशेष तथा समपुरक कोष अनुदान प्राप्त हुनेगरि योजनाको नाम प्रस्ताव गर्न गरेको परिपत्रबमोजिम यस अघिनै ड्रईङ डिजाइन/लागत अनुमान तयार भइसकेका तपशीलका बहुवर्षिय आयोजनाहरुमा सो अनुदान रकम उपलब्ध हुनेगरि योजना माग गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं. | योजनाको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | माग गरिने अनुदानको विषय |
|---|---|---|---|---|
| १ | हाडीखोला सडक स्तरीकरण | ३ | २ करोड | समपुरक अनुदान |
| २ | रुपाचुरी-फरिवाङ सडक स्तरीकरण | ६ | २ करोड | समपुरक अनुदान |
| ३ | मेलडाडा रमौली सडक स्तरीकरण | ७ | २ करोड | समपुरक अनुदान |
| ४ | मल्टिसेल कलभर्ट निर्माण च्यापल | २ | २ करोड | समपुरक अनुदान |
| ५ | ठाडोखोलामा पुल निर्माण | ३ | २ करोड | समपुरक अनुदान |
| ६ | खानेपानी योजना संचालन | ८ | २ करोड | बिशेष अनुदान |
| ७ | खानेपानी योजना संचालन | ९ | २ करोड | बिशेष अनुदान |

**निर्णय नं.४**

कोरोना भाइरसको कारण बिश्वव्यापी संकटको सामना गर्नुपरिरहेको परिप्रेक्ष्यमा संक्रमणलाइ रोक्न यस पालिका क्षेत्र भित्रका समेत सबै बैंक बन्द भइ जेष्ठ नागरिक लगायतका सामाजिक सुरक्षा भत्ता बितरण गर्न नसकिएकोमा त्यस्तो भत्ता रकम तत्काल बितरणको व्यवस्था मिलाउन सामाजिक सुरक्षा भत्ता बितरणको कारोबार गर्ने सबै बैंक हरुलाई निर्देशन दिने निर्णय गरियो । साथै सो काममा सहजिकरण तथा समन्वय गरिदिन सबै वडा कार्यालयहरुलाइ समेत जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.५**

नेपाल सरकारको आव्हानमा चैत्र ११ देखि जारि लकडाउनको कारण पालिका क्षेत्रका समेत सबै व्यवसाय बन्दा बन्दि भैरहेकोमा निर्माण सामग्री उत्पादन प्रशोधन र बिक्रि वितरण गर्ने व्यवसायलाई निश्चित स्वास्थ्य सुरक्षाका शर्तहरु पालना र

मितको आधारमा तयार भएको "मनहरी गाउँपालिकाको वनजन्य पदार्थमा आधारित व्यवसाय संचालन कार्यविधि-
०७७" स्वीकृत गर्ने निर्णय गरियो ।

र्णय नं.६

रोना भाइरसको कारण बन्दाबन्दिमा परि ज्याला मजदुरी गर्नबाट वञ्चित परिवारलाइ लक्षित गरि तत्काल वडागत रुपमा
ानमखी रोजगार कार्यक्रमका आयोजना संचालन गर्ने निर्णय गरियो ।साथै यस अघि वडाले स्वीकृत गरेका त्यस्तो
योजना तत्काले श्रम परिचालन गर्ने प्रकारका नभइ संसोधन गर्नु परेमा वडा समितिको निर्णयले फेरबदल गरि संचालन गर्न
ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष